आज मिति २०७६ साल मंसिर १८ गते यस माण्डवी गाउँपालिका कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो ।

**प्रस्तापहरु**

१ अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा

२. टेक्नीकल स्पेशिफिकेशन र लागत अनुमान पास गर्ने सम्बन्धमा ।

३. योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्ने सम्बन्धमा ।

४. बस खरिद गर्ने सम्बन्धमा ।

५. माण्डवी गाउँपालिकामा स्थानीय रोजगार सिर्जना गर्ने आयोजना कार्यान्वन कार्यविधि २०७६ पारित गर्ने सम्बन्धमा ।

६.नि.प्र.अ. नियुक्ति सम्बन्धमा

७. दिवा खाजा सम्बन्धमा ।

८.विविध

**निर्णयहरु**

निर्णय नं. १ प्रस्तनव माथि छलफल गर्दा ब्रहमाकुमारी ईश्वरीय विश्व विद्यालय लामाचौरलाई आ.व. २०७६/०७७ को स्वीकृत कार्यक्रम अन्य संस्थालाई स:शर्त पुँजिगत अनुदान खर्च शिर्षकबाट रु.२ लाख ५० हजार अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व.२०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम जस्तापाता खरिद कार्यक्रमको लागी टेक्नीकल स्पेशिफिकेशन र जडान अनुमान यस कार्यपालिकाबाट स्वीकृत गर्ने सर्वसहमत निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस माण्डवी गाउँपालिकाकाट आ.व. २०७६/०७७ मा संचालन हुने तपिशलका आयोजनाहरु प्राविधिक फिल्ड निरिक्षण गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिले कार्यसम्पन्न गर्दा हेवी ईक्यूपमेन्ट समेत प्रयोग गरि कार्यक्रम गर्ने सर्वसहमत निर्णय गरियो ।

तपशिल

| सि.नं. | आयोजनाको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १. | सिमलचौर सडक निर्माण | माण्डवी-१ सिमलचौर | १०,००,०००।- |
| २. | तिराम घुर्किचौर सडक निर्माण | माण्डवी-१ तिराम | १०,००,०००।- |
| ३. | रातापानी देखि धनचौर हुँदै तिराम सम्मको सडक निर्माण | माण्डवी गा.पा.-२ र १ | १०,५०,०००।- |
| ४. | बसुन्धरा हुँदै तिल्केनी देखी मुखचौर सडक निर्माण | माण्डवी-५ रम्दी | १३,००,०००।- |
| ५. | ५ नं. वडा कार्यालय देखि सिरुवारी सम्मको सडक निर्माण | माण्डवी-५ रम्दी | १०,००,०००।- |
| ६. | ने.रा. प्रा.वि. तारिवाङ्ग सडक निर्माण | माण्डवी-२ ढाँड | ६,००,०००।- |
| ७. | जस्पुरदेखी उदयपुरकोट जोड्ने मोटरबाटो | माण्डवी-३ जस्पुर | ५,००,०००।- |

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा माण्डवी मा.वि. नयाँगाउँलाई बस खरिद गर्न रु २० लाख समपुरक कोष शिर्षकबाट सहयोग गर्ने सर्वसहमत निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा स्थानीय रोजगारी श्रीजना गर्ने आयोजना कार्यान्वन कार्यविधि २०७६ सर्वसहमत निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँ शिक्षा समितिको मिति २०७६/०८/१८ को सिफारिस अनुसार माण्डवी गा.पा. २ रातापानीको सुन्नानी आधार मा.वि.मा नि.प्र.अ. को रुपमा सोही विद्यालयमा मा.वि. तृतिय श्रेणी राहत शिक्षक पदमा कार्यरत श्री खिमानन्द पोखेललाई नियुक्ति गर्ने सर्वसहमत निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०७६/०८/१८ को सिफारिस अनुसार यस गाउँपालिकामा नेपाल सरकारबाट प्राप्त दिवा खाजा अनुदान शिशु कक्षा देखि कक्षा ५ सम्मका सबै सामुदायिक विद्यालयका सबै विधार्थीहरुलाई भाद्र महिनादेखी कक्षा ५ खाजा खुवाउने गरि रकम निकाशा दिने सर्वसहमत निर्णय गरियो ।

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि तपशिल बमोजिम निर्णय गरियो ।

(क) मिति २०७६ मंसिर १९ गतेका दिन गाउँ नगरमा महिला स्वास्थ्य स्वयं सेविका स्वास्थ्य प्रबद्धनमा अहम भूमिका भन्ने नाराका साथ १६ औं महिला स्वास्थ्य स्वय सेविका दिवस मनाउन अपुग रकम रु २५ हजार विविध खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

(ख) यस माण्डवी गा.पा-२ पुकरुकमा आ.व. २०७६/०७७ मा स्वीकृत योजना भुमेस्थान सामुदायिक भवन अविरे जोड्ने मोटरबाटो योजनालाई संशोधन गरी रानी पोखरी धरमपानी तिनपखरे मोटरबाटो निर्माण बनाउने सर्वसहमत निर्णय गरियो ।

(ग) यस माण्डवी गाउँपालिकाको दोश्रो अध्यक्ष कप खेलकुदको लागी खेलकुद समितिले रु ३ लाख पचास हजार पेश्की लिएकोमा कार्य सम्पन्न भैसकेको हुँदा सो पेश्की फछ्यौट गरी बाकी रकम ३ लाख ५० हजार भुक्तानी दिने निर्णय गरियो ।

(घ) जनतासंग अध्यक्ष कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ पास/ पारित सर्वसहमत निर्णय गरियो ।

(ङ) माण्डवी गाउँपालिका- २ पुकरुकको रानी पोखरी धरमपानी तिनपखरे जोड्ने मोटरबाटोको लागी रु. १ लाख २० हजार पुजिगत भै परी आउने शिर्षकबाट रकम थप गर्ने निर्णय गरियो ।

प्रमाणित गर्ने

शिसिर रिजाल

प्रमुख प्रशासकीय अधिकृत